# घोराहि उपमहानगरपालिका

## पृष्ठभुमि

घोराहि उपमहानगरपालिका दाङको सबैभन्दा ठुलो शहर र नेपालको सबैभन्दा ठुलो उपमहानगरपालिका हो । यस उपमहानगरपालिकाको अर्थतन्त्र मुख्यतया व्यापार/व्यावसाय, कृषि, वनजंगलको आय, कुखुरापालन, खुद्रा तथा होलसेल बजार, पर्यटन, होटल व्यावसाय र सेवा व्यापारमा आधारित छ। यस सर्वेक्षण अनुसार खुद्रा तथा होलसेल व्यवसाय नगरपालिकाको औपचारिक र अनौपचारिक दुबै खालको व्यवसायको मुख्य क्षेत्र हो । औपचारिक क्षेत्रको अर्को मुख्य व्यवसाय होटल र खाद्य व्यापार हो भने अनौपचारिक क्षेत्रमा कृषिले पनि महत्वपुर्ण हिस्सा ओगटेको छ। घर बहाल दुबै क्षेत्रको रोजाईको व्यावसाय हो ।

तालिकाः घोराहि उपमहानगरपालिकाको मुख्य ४ आय श्रोतहरु

| क्रस | आम्दानीको श्रोत | घरधुरी संख्या | घरधुरी प्रतिशत | औसत बार्षिक आय |
|---|---|---|---|---|
| १ | विप्रेषण | ९३२८ | २६.१७ | २९१,८८६ |
| २ | सेवा | ७८६३ | २२.०६ | ३२०,२०४ |
| ३ | दैनिक ज्यालादारी | ८७०९ | २४.४३ | १९४,३९७ |
| ४ | खेतीपाती | ५२४५ | १४.७१ | ३७,७६० |

*श्रोतः घोराहि उपमहानगरपालिका प्रोफाइल*

ठुलो संख्याका कमजोर आय भएका परिवारहरु दैनिक ज्यालादारी मै निर्भर छन्। ४९.१९ प्रतिशत घरधुरी कृषिमा, २४.१३ प्रतिशत दैनिक ज्यालादारीमा, २१.८२ प्रतिशत नियमित नोकरीमा र १२.१७ प्रतिशत घरधुरी व्यापारमा आश्रित छन् ।

नगरका विशेषगरि कम आय भएका परिवारमा दैनिक ज्यालादारीमा निर्भर छन् । अर्कोतिर ४९.१९ प्रतिशत जनसंख्या कृषिमा निर्भर छन, २४.१३ प्रतिशत दैनिक ज्यालादारी, २१.८२ प्रतिशत नियमित रोजगारी र १२.१७ व्यापारमा निर्भर छन् ।

५२.५ प्रतिशत परिवारहरूको मासिक खर्च रु १०,०००, ३३.१५ प्रतिशत परिवारको १०,००० देखि २०,००० बीचमा र १०.८५ प्रतिशत परिवारको २०,००० देखि ३०,०००सम्म मासिक खर्च हुन्छ। ८२.८ प्रतिशत घरपरिवारले आफ्नै आय श्रोतबाट १२ महिनाभरि जीविका चलाउँन सक्छन्।

काम गर्ने उमेरका जनसंख्या (१५ देखि ५९ बर्ष) मध्ये १९.०१ प्रतिशत मात्र रोजगार छन्। त्यस्तै, ३४.६३ प्रतिशत बाध्यताले बेरोजगार र ४६.२४ प्रतिशत स्वइच्छाले बेरोजगार रहेको देखिन्छ । ठुलो संख्याको बेरोजगारीको मुख्य समस्या सिप वा दक्षतामुलक काममा कुशल नहुनु पनि हो ।

## अर्थतन्त्रका मुख्य आधारमा

### १. प्राकृतिक श्रोत साधनहरु

वनको क्षेत्र धेरै भएकाले नगर जैवविविधतामा धनी छ। उष्ण र शीतोष्ण जलवायुमा पाइने वन्यजन्तु र वनस्पतिहरू जस्तैः साल,, टर्मिनलिया इपिलेप्सिया, भारतीय बटर रूख, बमब्याक्स, भारतीय गुजबेरी, दालचीनी, ओखरका रुख र बगैचा घोराही उपमहानगरमा पाइन्छ। यस क्षेत्रको वनको उत्पादनहरू स्थानीय माग पूरा गरि अन्य नगरपालिका र जिल्लाहरूमा पनि निर्यात गरिन्छ।

यसबाहेक यस क्षेत्रमा पाइने गैरकाठ वन उत्पादनहरूमा स्थानीयको निर्भरता छ। विशेष गरी ग्रामीण जनताको खाद्य सुरक्षा जीवन स्तर उकास्न यस्ता उत्पादनको महत्वपुर्ण भुमिका रहेको छ। जैविक विविधता संरक्षण र गरिबी निवारणको लागि यहा १४३ सामुदायिक वन स्थानीय उपभोक्तालाई हस्तान्तरण गरिएको छ र आर्थिक वर्ष २०१७/१८ सम्म २६,५६७ घरपरिवार लाभान्वित भएका छन्। सामुदायिक वनहरू बाहेक, यहाँ तीन धार्मिक वनहरू पनि छन्। दक्षिणी भागमा चुरे पर्वत भएका कारण यहाँ चुनढुंगाको उपलब्धता पनि राम्रो छ।

### २. कृषि र पशुपालन

घोराही उपमहानगरको करिब ५१ प्रतिशत घरपरिवार कृषिमा संलग्न छन्। परिवारले खेतीपाती, पशुपालन र पशुजन्य उत्पादनबाट गर्ने आम्दानी क्रमशः रु ५२४५, रु ४७९७ र रु ११८० रहेको छ।

कृषिमा संलग्न ९८ प्रतिशत घरधुरीले अन्न बाली लगाउँछन्, यद्यपि यी घरपरिवारमध्ये २१.५ प्रतिशतले मात्र आफुलाई खान पुगेर बिक्रि गर्ने गरेको बताउछन्। त्यस्तै, तरकारी उत्पादन गर्ने १५ प्रतिशत घरधुरीले मात्र उनीहरूको उत्पादनहरू बजारसम्म लैजान्छन्। यस उपमहानगरको वडा नम्बर २, १०, र १, मा गरि जम्मा तीन वटा तरकारी बजारहरू छन्। यसबाहेक, २२६ वटा कृषि पकेट केन्द्रहरूलाई तरकारी, अन्न, प्याज, जिन्जर र तिलहन खेतीका लागि तोकिएको छ।

कृषि सहकारी र सामुदायिक खेतीले उपमहानगरको ग्रामीण भागमा अझै गति लिन सकेको छैन भने सहरी क्षेत्रमा भने यस्तो प्रचलनलाई अँगाल्न थालिएको छ। त्यस्ता समुदाय र सहकारी फार्महरूको संख्या कुल ६० छ। मौरीपालन, च्याउको खेती, र माछा पालनका रूपमा ६० वटा आधुनिक फार्महरू छन र २४ वटा पशु फर्महरू खासगरि कुखुरा र बाखा पालनको लागि सञ्चालनमा छन्।

उपमहानगरको पशुपालनबाट हुने कुल उत्पादनहरूमा ३५,००० लिटर दूध, २४,००० किलोग्राम मासु, ४५०० किलो उन, १६०,००० अण्डा (दैनिक) र ७,८४०,००० किलोग्राम कुखुराको मासु बार्षिक उत्पादन हुन्छ।

तालिकाः घोराहीमा पशुजन्य उत्पादनको विवरण

| क्रस | वस्तु | उत्पादन इकाइ | परिमाण |
|---|---|---|---|
| १ | दूध | लिटर | ३५,००० |
| २ | मासु | किलोग्राम | २४,००० |
| ३ | उन | किलोग्राम | ४५०० |
| ४ | अण्डा | दैनिक | १६०,००० |

| | | | |
|---|---|---|---|
| ५ | चिकन | बर्षिक उत्पादन किलोमा | ७,८४०,००० |

*श्रोत: घोराहि उपमहानगरपालिका प्रोफाइल*

१७,५९३ घरपरिवार मध्ये कुल परिवारको ४९.४ प्रतिशतका आफ्नै पशु पालन छ । पशुपालनबाट हुने उत्पादनको वितरण तालिका २५ मा देखाइएको छ । दुध, दुग्धजन्य वस्तु, अण्डाहरू र अन्य वस्तुहरू उत्पादन गर्ने परिवारहरूको क्रमश: २९.७७ प्रतिशत, ४३.८३ प्रतिशत, ९७.७५ प्रतिशत र ७१.४३ प्रतिशत रहेको छ ।

तालिका: पशु उत्पादनमा संलग्न घरधुरी

| क स | पशु उत्पादन | घरधुरी संख्या | घरधुरी प्रतिशत | उत्पादन बिक्रि गर्ने घरधुरी प्रतिशत |
|---|---|---|---|---|
| १ | दूध | १६३३ | ९.२८ | २९.७७ |
| २ | दूग्ध उत्पादन | ३११ | १.७७ | ४३.८३ |
| ३ | अण्डा | ३७७ | २.१४ | ९७.७५ |
| ४ | अन्य (उन, छाला आदि) | ४ | ०.०२ | ७१.४३ |

*श्रोत: घोराहि उपमहानगरपालिका प्रोफाइल*

यस उपमहानगरभित्र २९ वटा मासु बजार, ३४ तरकारी, फलफुल बजार, ५२ कृषि उद्योग र एग्रोभेट, २६ वटा मिलहरु छन् । त्यस्तै माछा पालनका लागि सार्वजनिक पोखरीले योगदान गरिरहेको छ । यहाँ १६ वटा यस्ता सार्वजनिक पोखरीहरु छन् । ४ वटा स्थानीय इनफास्टक्चर बैंकले हालसम्म कृषिमा आधारित कार्यक्रमका लागि रु ५००,००० विनियोजन गरिएको छ ।

## ३. पर्यटन र आतिथ्य

घोराही हिमाली श्रृंखला  नजिक, यहाको हरियाली र जैविक विविधताले आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्दछ। यहाँ १२ धार्मिक तथा पर्यटकिय स्थलहरू, मन्दिर, स्तुपा, तालहरु छन्। उपमहानगरको सांस्कृतिक र जातीय विविधताले पर्यटकहरूलाई आकर्षित गर्दछ। यहा आउने पर्यटकले यहाका विभिन्न जाति र समुदायका विविध धार्मिक विधि र रीतिरिवाजहरूको अनुभव गर्न सक्दछन्। घोराही उपमहानगरमा १६५ वटा होटल र रेष्टुरेन्टहरु छन्।

## ४. निर्माण तथा भौतिक पूर्वाधार

उपमहानगरको सबै वडामा सडक सञ्जालको क्रमिक विस्तारले यस क्षेत्रको समग्र पूर्वाधारको विकासलाई सहज बनाएको छ । प्रमुख सडकहरू मध्ये २६ किलोमिटर कालोपत्रे, २१२ किलोमिटर ग्राभेल र १५३ किलोमिटर कच्चि छ। घोराही उपमहानगरपालिका १७.८४ प्रतिशत घरधुरी पिच, २३.७ प्रतिशत अस्थायी सडक र ११.२७ प्रतिशत घरधुरी गोरेटोमा जोडिएका छन्। यस्तो खण्डित सडक सञ्जालले निजी क्षेत्रको बृद्धि र अन्य क्षेत्रहरूमा विकासको प्रयासलाई योगदान गर्दछ । त्यस्तै यातायात सेवा बजार केन्द्रमा अवस्थित क्षेत्रहरुमा पहुँचयोग्य र भरपर्दो छ भने ग्रामीण क्षेत्रहरु लाई नियमित सेवा पाउन समस्या छ । यी क्षेत्रहरूमा कच्चि सडकहरूको कारण यातायात सेवाहरू खासगरि मानसून र अन्य प्रतिकूल मौसममा

अवरुद्ध हुन्छ ।

**५. सुचना, सञ्चार, प्रविधि**

मोबाइल फोन यहा बढि प्रयोग हुने सञ्चारको साधन हो । यहाका ८८.७१ प्रतिशत घरधुरीसँग मोबाइल फोन र २.९१ प्रतिशतसँग ल्याण्डलाइन फोन छ । त्यस्तै टेलिभिजन, रेडियो र कम्प्युटर हुनेहरु क्रमस ५८.०६ प्रतिशत, २७.८ प्रतिशत र ११.८२ प्रतिशत रहेको छ । यहाका ३०.८४ प्रतिशतमा इन्टरनेटको पहुँच छ भने ४८.२५ प्रतिशत घरधुरीमा केबुल नेटवर्कको पहुँच छ ।

**६. निमार्ण उद्योगहरु**

नगरपालिकाका केही ठूला उत्पादन उद्योगहरूमध्ये सबैभन्दा प्रमुख सिमेन्ट र ईट उद्योगहरू हुन् । घोराही सिमेन्ट उद्योग प्रा. लिमिटेड, नेपालको सबैभन्दा ठूलो सिमेन्ट उद्योग मध्ये एक हो जसको १९०० मेट्रिक टन प्रतिदिन क्लिन्कर र २२०० मेट्रिक टन प्रतिदिन सिमेन्ट उत्पादन गर्ने क्षमता छ ।[i] हाल यसले प्रति दिन २००० मेट्रिक टन सिमेन्ट उत्पादन गर्दछ । आव २०७५/७६ मा सिमेन्टको निर्यातबाट स्थानीय कर ३२०,००० रहेको थियो । फर्नीचर उद्योगमा प्रयोग गरिने भेनिरबाट रु १०,००० राजस्व उठेको थियो ।[ii] यस क्षेत्रमा १९ वटा दुग्ध उद्योगहरू छन जहा करिब रु१४,६९२,००० लगानी रहेको छ ।[iii] कुल ४१५ हजार घरधुरीले उद्योगबाट आय गर्दछन् । तिनीहरूको वार्षिक आय औसत ३७०,१७० रहेको छ । यहाँ ९५ औद्योगिक फर्महरू र ५२ कृषि उद्योग र एग्रोभेटहरु छन् ।

## नगरपालिकामा नीजि क्षेत्रको उपस्थिति

घोराही उपमहानगरपालिकामा जम्मा २६३६ फर्महरू छन्, जसमध्ये प्रायः साना र मध्यम आकारका व्यवसायहरु छन् । २६३६ फर्म, १९५४ कम्पनी र १३०० वटा घेरेलु उद्योगमा दर्ता भएका छन् । घोराही उपमहानगरको व्यापार मुख्यतः थोक र खुद्रा व्यापारहरूमा केन्द्रित छ । यहा ३८५ घरेलु, ४ मध्यम र १ ठुलो उद्योग दर्ता छ । यसले मिलबाट उत्पादित वस्तुहरू जस्तै पीठो र तेलको अन्य पहाडी र तराई जिल्लाहरूको थोक व्यापार गर्दछ । त्यस्तै, आयातित इलेक्ट्रोनिक र घरेलु सामानहरूको थोक र खुद्रा बिक्री पनि यस्ता व्यवसायीले नै गर्दछन् । यहाका मध्यम, साना र घरेलु उद्योगहरूले केही अन्य सीमावर्ती क्षेत्रहरूको साथसाथै स्थानीय मागहरू पूरा गरिरहेता पनि यीनिहरुको विकासको लागि उचित व्यवसायीक वातावरण आवश्यक छ ।

सञ्चालित फर्महरुको लैंगिक वितरणका हिसावले हेर्दा २३६३ फर्मको ७५.९ प्रतिशत पुरुष र २४ प्रतिशत महिलाको स्वामित्वमा छ । त्यस्तै ३५ देखि ३९ बर्ष उमेरकोमा १९.४२ प्रतिशत सहित सबैभन्दा बढि व्यवसायीक स्वामित्व भएको उमेर समूह हो । करिब ६९ प्रतिशत उद्यमीहरु २५ देखि ४४ बर्ष उमेरका छन् जसले नीजि क्षेत्रको विकासमा युवाहरुको महत्व पनि देखाउदछ । यहा नेपालीहरुको स्वामित्व भएका व्यवसाय ९७.९१ प्रतिशत र भारतियको १.७५ प्रतिसत रहेको छ । ठुला फर्म र व्यवसायहरु वैदेशिक लगानीमा सञ्चालन प्राय शुन्य रहेको छ ।

तालिकाः घोराहीमा दर्ता भएका व्यवसायहरु

| उत्पादन, प्रशोधन | संख्या | सेवा | संख्या | कृषि तथा पशुपालन | संख्या |
|---|---|---|---|---|---|
| मिल | २११ | इन्जिनियरिंग र परामर्श | ३४ | पोल्टि र माछा | ३९३ |
| फर्निचर | १५८ | होटल, रेष्टुरा, लज | ४१९ | डेरी | २२ |
| ग्रील | १२७ | वर्कशप र रिपेरिंग | १०३ | मछा पालन | २९ |

| | | | | | |
|---|---|---|---|---|---|
| इटा | २० | कम्प्युटर पाटस | ३३ | पशुपालनमा आधारित व्यापार | १९० |
| खानी | ४ | प्रिन्टिंग प्रेस | ३३ | बहु उद्देश्यीय कृषि उद्योग | २०२ |
| बेकरी | १२ | सिलाइ बसनाई | ९८ | | |
| आइसक्रिम | ४ | फोटो स्टुडियो | १७ | | |
| मसला | १५ | इलेक्टोनिक र मर्मत | १९ | | |
| अल्लो, कार्पेट | १४ | आर्ट | १२ | | |
| तर | ६ | स्वास्थ्य ल्याब | ११ | | |
| प्रशोधित पिउने पानी | ७ | कामदार सप्लाई र सेवा | ८ | | |
| स्टेशनरि कापि | ७ | तालिम केन्द्र | ३१ | | |
| ब्लांकेट | ९ | दन्त सेवा | ५ | | |
| जुत्ता चप्पल | ११ | टेन्ट भाडा सेवा | ९ | | |
| सिमेन्ट | १७ | मोबाइल मर्मत | १२ | | |
| क्रसर | १ | ब्युटि पार्लर | ३१ | | |
| फ्रेस हाउस | १३ | अन्य | ५६ | | |
| खाद्य उत्पादन | १२ | यातायात | ११३ | | |
| मह | ५९ | सुन चादि | ५३ | | |
| चाउचाउ र सस | १७ | मिडिया र सञ्चार | १७ | | |
| | | निमार्ण कम्पनी | १४५ | | |
| | | कपडा | ५ | | |
| | | ड्राइभिंग इन्स्टिच्युट | ७ | | |
| **जम्मा** | ७२४ | जम्मा | १२७१ | जम्मा | ८३६ |

*श्रोत: घोराहि उपमहानगरपालिका प्रोफाइल*

जुलाई २०२० को तथ्यांक अनुसार साना तथा घरेलु उद्योग अन्तरगत दर्ता भएका उद्योगहरु २८३१ छन जसमध्ये ७२४ अर्थात २५.५७ प्रतिशत उद्योग उत्पादन तथा प्रशोधनसँग सम्बनिधत छन भने १२७१ अर्थात ४४.८९ प्रतिशत सेवा उद्योग र ८३६ अर्थात २९.५३ प्रतिशत कृषि तथा पशुपालनसँग सम्बनिधत छन् ।

## औपचारिक तथा अनौपचारिक व्यवसायको विशेषताहरु

तालिका: घोराहीमा भएका साना तथा मझौला उद्योग सर्वेक्षणको सार संक्षेप

| शिर्षक | नतिजा (संक्षेपमा) |
|---|---|
| **नमुना संख्या** | ३८५ |
| **व्यवसायका मालिकको औसत उमेर** | ४०.८४ बर्ष |
| **व्यवसायका मालिकको लैंगिक विवरण** | पुरुष ८४.४२ प्रतिशत<br>महिला १५.५८ प्रतिशत |
| **दर्ता भएका व्यवसायको अनुपात** | औपचारिक दर्ता: ९६.६२<br>अनौपचारिक, दर्ता नभएका: १५.५८ |

| | |
|---|---|
| **दर्ता भएका व्यवसाय मध्ये एकल स्वामित्व भएका** | ९४.८१ प्रतिशत |
| **व्यवसायको औसत उमेर** | ९.७ बर्ष |
| **व्यवसायका प्राथमिक क्षेत्र** | औपचारिक व्यवसाय: होलसेल र खुद्रा (७०.७ प्रतिशत), आतिथ्यता र खानेकुरा (होटल) (१२.३७ प्रतिशत) अन्य सेवा व्यापार (६.४५ प्रतिशत)[1]<br>अनौपचारिक व्यवसाय: होलसेल र खुद्रा (४६.१५ प्रतिशत), कृषि (३०.७७ प्रतिशत) अन्य सेवा व्यापार (७.६९ प्रतिशत) |
| **औसत सूरुवाती पूजी** | औपचारिक व्यवसाय: नेरु १,७३८,९५२<br>अनौपचारिक व्यवसाय: नेरु २६२,६९२.३० |
| **सूरुवाती पूजीको श्रोत** | औपचारिक व्यवसाय[2]: आफ्नै व्यक्तिगत बचत (६९.०९%), बैंक तथा वित्तिय संस्थाको कर्जा (२७.६९%), सहकारी (१३.४४%)<br>अनौपचारिक व्यवसाय: आफ्नै व्यक्तिगत बचत (६९.४%), सहकारी (७.६९%) बैंक तथा वित्तिय संस्थाको कर्जा (२३.०८%) |
| **व्यवसाय सञ्चालन गर्ने स्थान** | औपचारिक व्यवसाय : बहालमा (६७.२०%), हाटबजार र सडक (४.३०%), घर (२२.३२%) ।<br>अनौपचारिक व्यवसाय : आफ्नै जग्गा (घर बाहेक) (१५.३८%), बहालमा (६१.५४%), घर (७.६९%) । |
| **सञ्चालन सहितको औसत कामदार संख्या** | औपचारिक व्यवसाय: ३.३३ जना<br>अनौपचारिक व्यवसाय: १.७६ जना |
| **व्यवसायको मासिक औसत आम्दानी** | अनौपचारिक व्यवसाय: नेरु ६५५,३९५<br>औपचारिक व्यवसाय: नेरु ८५,१५३ |
| **व्यवसायको मासिक औसत खर्च** | औपचारिक व्यवसाय: नेरु ५६०,३९६.५<br>अनौपचारिक व्यवसाय: नेरु ५८,२३०.७ |

घोराही उपमहानगरपालिकाका औपचारिक तथा अनौपचारिक व्यवसायको विशेषता सर्वेक्षणमा सहभागि ३८५ जना व्यवसायीको आधारमा माथि प्रश्तुत गरिएको छ। व्यवसाय सञ्चालकको औसत उमेर ४०.८४ बर्ष भएको पाइयो भने सर्वेक्षण गरिएका मध्ये ८४.४२ प्रतिशत व्यवसाय पुरुषको स्वामित्वमा रहेको पाइयो । नमुना लिइएको मध्ये ९६.६२ प्रतिशत औपचारिक व्यवसाय थिए भने तिनिहरु मध्ये ९४.८१ प्रतिशत एकल स्वामित्वमा थिए ।

औपचारिक व्यवसायका मुख्य क्षेत्र थोक तथा खुद्रा व्यापार र दोश्रो होटल, रेष्टुरा रहेको पाइयो भने अनौपचारिक क्षेत्रका मुख्य क्षेत्र थोक तथा खुद्रा व्यापार र दोश्रो कृषि रहेको छ । वितरणका हिसावले

---

1 Other services includes business like: hair cutting saloon, beauty parlor, photo studio, rice/oil mills, tailoring centers

2 This is summary of binary choice of each of the category and hence the total exceeds 100%. Businesses have more than one source of financing of startup capital.

७०.७ प्रतिशत औपचारिक व्यवसाय होलसेल, खुद्रा र व्यापार रहेका छन जहा ४६.१५ प्रतिशत अनौपचारिक व्यवसाय होलसेल, खुद्रा र व्यापार रहेको छ।

भाडामा लिएको घरमा धेरैजसो औपचारिक व्यवसाय (६७.२० प्रतिशत) सञ्चालित छन तर ६१.५४ प्रतिशत अनौपचारिक व्यवसाय आफ्नै स्थानमा सञ्चालित छन्। आफ्नै घरमा व्यवसाय गर्ने औपचारिक षेत्रमा २२.३१ प्रतिशत छन्। अनौपचारिक व्यवसायका लागि धअर्को स्थान भनेको सडक पेटि हो जहा १५.३८ प्रतिशत व्यवसाय सञ्चालित छ।

औपचारिक व्यवसायको औसत सुरुवाती पुँजि नेरु १७.३८ लाख र अनौपचारिक व्यवसायको औसत सुरुवाती पुँजि नेरु २.५५ लाख रहेको छ। यस औसतले के देखाउदछ भने औपचारिक क्षेत्रको औसत सुरुवाती पुँजि अनौपचारिक क्षेत्रकोभन्दा सात गुणाले बढि छ। व्यवसाय सञ्चालनका लागि सुरुवाती पुँजिको श्रोत आफ्नै व्यक्तिगत बचत औपचारिक व्यवसायका (६९.०९%) र अनौपचारिक क्षेत्रको ६१.५४प्रतिशत रहेको छ। आफ्नै व्यक्तिगत बचत बाहेक बैंक तथा वित्तिय संस्थाको कर्जा, सहकारी आदिबाट औपचारिक क्षेत्रमा २७.६९ प्रतिशत सुरुवाती पुँजि जुटेको देखिन्छ भने अनौपचारिक क्षेत्रमा पनि केहि सुरुवाती पुँजि सहकारीको कर्जाबाट आएको देखिन्छ।

व्यवसायको मासिक औसत आम्दानी अनौपचारिक व्यवसायमा रु. ८५ हजार र औपचारिक व्यवसायमा रु. ६.५५ लाख रहको छ। व्यवसायको मासिक औसत खर्च औपचारिक व्यवसायमा रु. ५.६ लाख र अनौपचारिक व्यवसायमा रु. ५८ हजार रहको छ। अनौपचारिक व्यवसायमा औसत ३.३३ जना र अनौपचारिक क्षेत्रमा १.७६ जना कामदार परिचालित छन्।

## बजारको आकार र बजार केन्द्रहरु

आव २०७५/७६ को कर वापतको आय १५२२००० रहेको थियो।[iv]

तालिका: राजस्वमा विभिन्न क्षेत्रको योगदान

| फर्मको प्रकृति | प्रतिशत |
|---|---|
| वस्तु बिक्रेता | ७७.३१ |
| सेवा विक्रेता | १६.९२ |
| उत्पादनमुलक | ३.२ |
| अन्य | २.३५ |

*श्रोत: घोराहि उपमहानगरपालिका प्रोफाइल*

## वित्तमा पहुँच

यस उपमहानगरपालिकामा १० वटा वाणिज्य बैंकहरु, ५ वटा विकास बैंक, ३ वटा माइक्रोफाइनान्स, ११४ वटा सहकारीहरु सञ्चालित छन्। यहाका ७० प्रतिशत घरधुरीको बैंक खाता छ, ८.५ प्रतिशत घरधुरीले व्यापारका लागि र ११.७ प्रतिशतले कृषिका लागि कर्जा लिएका छन्। हालै महिला

माइक्रोफाइनान्सले यसका ४० जना सदस्यहरुका लागि साना उद्योगमा समान आपुर्ती र कृषिका लागि भनेर रु ७११००० बराबरको अनुदान घोषणा गरेको छ ।[v] यहा २२५ वटा सहकारीहरु सञ्चालित छन र तिनले वशेषगरि स्थानीय स्तरमा बचत तथा साथै कृषि, स्वरोजगार, सुचना प्रविधि र बहुउद्देश्यका लागि ऋण प्रवाह गरिरहेका छन् ।

## कोभिड १९ को व्यवसायमा परेको असर

| पारामिटर | मत्रा |
|---|---|
| **कोभिड १९ का कारण व्यवसायमा परेको प्रभाव** | असर छैन, व्यवसाय सामान्य रुपमा सञ्चालन भएका : ३.९ %<br>व्यवसाय सिमित क्षमतामा सामान्य रुपमा सञ्चालन भएका: ८६.४९%<br>व्यापारिक मोडल परिमार्जन गरेर व्यवसाय सञ्चालन: ५.१९%<br>व्यवसायमा विविधिकरण : १.३%<br>अस्थायी रुपमा बन्द : ३९.२२%<br>स्थायी रुपमा बन्द : २.८६% |
| **कोभिड १९ का कारण व्यवसायमा परेको प्रभाव ( मुख्य ५)** | बिक्रिमा कमी (८८.०५%), अन्य (७.५३%), इनभेन्टरी नोक्सानी (२.६०%), कच्चा पदार्थको अभाव (०.७८%), अत्यावश्यक सामग्री र यातायातमा पहुँच अभाव (०.५२%) |
| **यदि बन्दाबन्दि नियमित हुदै गएमा कति समय व्यवसाय निरन्तर हुन्छ ( महिनामा)** | महिलाद्वारा सञ्चालित व्यवसाय : ५.७५ महिना<br>पुरुषद्वारा सञ्चालित व्यवसाय: ६.६९ महिना |
| **कोभिड १९ का कारण भएको असरमा आफ्नै श्रोतबाट सञ्चालन गर्न सक्छन ?** | सक्छन : ४६.३४%<br>महिला : ३६.२१%, पुरुष: ४८.२३% |
| **रोजगारीमा परेको असर ( रोजगारको संख्या, सञ्चालक सहित)** | महिलाद्वारा सञ्चालित व्यवसाय : सामान्य अवस्थामा १.९६, बन्दाबन्दिका अवधिमा १.७६, रोजगारीमा कमी १०.२%<br>पुरुषद्वारा सञ्चालित व्यवसाय: सामान्य अवस्थामा ३.५२, बन्दाबन्दिका अवधिमा २.९६, रोजगारीमा कमी १५.६% |

बन्दाबन्दिको समयमा मासिक आम्दानीमा ६८ प्रतिशत गिरावट आएको छ । सामान्य अवस्थामा र मुख्य सिजनका तुलनामा बन्दाबन्दिका अवधिमा नगरभित्रको व्यवसाय नराम्ररी खस्किएर आय र व्याव बीचको खाडल बढेको छ । मासिक आम्दानीमा ६८ प्रतिशत गिरावट आउदा खर्चमा ६२ प्रतिशतले कमी आएको छ । त्यस्तै बन्दाबन्दिमा भएको ट्रान्जेक्सनका आधारमा कार्यसञ्चालन मार्जिन सामान्य अवस्थामाभन्दा १०६ प्रतिशतले कमीमा आएको छ ।

| | मुख्य सिजन | सामान्य समय | लकडाउनको समय | प्रतिशत फरक (लकडाउन र सामान्य अवस्थामा) |
|---|---|---|---|---|
| व्यवसायको मासिक औसत आम्दानी | १,२०९,५८४ | ६३६,१४० | २०१,०७६ | -६८% |
| व्यवसायको मासिक औसत खर्च | १,००३,५३० | ५४३,४४० | २०६,६४६ | -६२% |
| कार्यसञ्चालन मार्जिन | १७% | १५% | -३% | -१०६% |

**यदि अवरोध कायम रहेमा व्यवसाय बढिमा ६ महिनाभन्दा बढि सञ्चालन हुन नसक्ने अवस्था छ ।** बन्दाबन्दिको समयमा ८८ प्रतिशत व्यवसायहरुले बिक्रिमा कमी आएको बताएका छन् । सर्वेक्षणअनुसार यस्तै अवस्था कायम रहेमा अर्को छ महिनाभन्दा बढि सञ्चालन हुन नसक्ने बताएका छन् । यद्यपि ४७ प्रतिशत व्यवसायहरुले कोभिड १९ को कारण भएको क्षतीमा आफै धान्न सक्ने बताएका छन् । त्यस्तै सर्वेक्षणअनुसार महिलाले सञ्चालन गरेको व्यवसायमा रोजगारीमा १० प्रतिशतले कटौती भएको छ जुन पुरुषले सञ्चालन गरेको व्यवसायको तुलनामा कम (१५.६%)हो ।

करिब २० प्रतिशत व्यवसायले कोभिड पश्चत कर्जा लिएका छन । नगरभित्रका करिब ६४ प्रतिशत व्यवसायसँग कुनै न कुनै खालको चालु कर्जा छ र त्यसमध्ये २० प्रतिशतले कलडाउनको अवधिमै कर्जा थप गरेका हुन् । कोभिड १९ भन्दा अगाडी र पछाडी महिला र पुरुषले लिने कर्जाको अनुपात करिब उस्तै छ । ३८ प्रतिशत अनौपचारिक क्षेत्रमा कुनै न कुनै खालको ऋण विद्यमान छ । २० प्रतिशतमा सरकारले दिएको सहुलियत ऋणका बारेमा जानकारी नभएको पाइयो भने १० प्रतिशत पुनरकर्जाको सुविधाका बारेमा अनविज्ञ छन् । सहुलियतपुर्ण कर्जा र पुर्नकर्जाका बारेमा पुरुषमाभन्दा महिलाहरुमा अनविज्ञता बढि रहेको पाइयो ।

| विवरण | चालु कर्जा (प्रतिशत) | कोभिड १९ अगाडीको चालु कर्जा (प्रतिशत) | लकडाउन पछाडीको चालु कर्जा (प्रतिशत) |
|---|---|---|---|
| **समग्र व्यवसाय** | ६३.६८ | ९७.५४ | १८.८५ |
| **महिला** | | ९५.२४ | १९.०५ |
| **पुरुष** | | ९८.०२ | १८.८१ |
| **औपचारिक व्यवसाय** | ६४.२५ | ९७.४९ | १८.८३ |
| **अनौपचारिक व्यवसाय** | ३८.४६ | १०० | २० |

| पारामिटर | मात्रा | | |
|---|---|---|---|
| **सहुलियत कर्जामा सचेतना** | हो: २०.५२% | महिला: १०% | पुरुष: २२.४६% |
| **पुनकर्जामा सचेतना** | हो: १०.३९% | महिला: ५% | पुरुष: ११.३८% |

## व्यावसायीक पुनरुत्थान र अपेक्षा

| पारामिटर | मात्रा (प्रतिशतमा) |
|---|---|
| **कोभिड १९ का बाबजुद व्यवसाय सञ्चालन गर्न अपनाइएका रणनीतिहरु** | सञ्चालन खर्च कटौती: ५४.८१<br>कामदार कटौती वा छुट्टि: १९.४८<br>कर्मचारीलाई बेतलवि : १२.४७<br>सम्पति बिक्रि: ०.५२<br>नँया व्यापारिक साझेदारको खोजी: ०.२६<br>बैंकबाट कर्जा: ८.०५<br>अनौपचारिक श्रोतबाट कर्जा: २.३४<br>परिवार वा साथी मार्फत कर्जा: ९.०९<br>अस्थायी रुपमा व्यवसाय बन्द: ६.२३<br>स्थायी रुपमा व्यवसाय बन्द: २.८६ |
| **व्यवसाय बचाउन आवश्यक न्युनतम नगद वा अन्य सहयोग** | लकडाउनका अवधिमा व्यवसाय बचाउन आवश्यक: रु ११२,५२९<br>लकडाउनभन्दा अगाडीको अवस्थामा व्यवसाय पुऱ्याउन आवश्यक: रु ३१६,४१८ |
| **सहुलियत, राहत वा कर्जामा प्रक्रियामा सहभागी व्यवसाय** | सरकारले दिने सहुलियत, राहतमा प्रक्रिया अगाडी बढाएका: ०.२६ प्रतिशत<br>कर्जाका लागि प्रक्रिया अगाडी बढाएका : ५.१९ प्रतिशत |
| **कोभिड १९ का नाममा सहयोग प्राप्त गरेका** | १५.८४% |
| **सहयोग प्राप्त गरेको श्रोत** | सरकार: २१.३१%, नीजि क्षेत्र: ६८.८५%, अन्य ९.८४% |
| **सरकारसँग नीजि सार्वजनिक साझेदारीका काम गर्न इच्छुक** | हो: २४.४२%<br>होइन: ५.४५%<br>थाहा छैन: ७०.१३% |
| **बन्दाबन्दिको अवधि र त्यसपछि व्यवसाय सञ्चालनका लागि आवश्यक सहयोग (मुख्य ५ वटा)** | अन्य: २३.६४%<br>कर्जाको ब्याजदरमा सहुलियत: २०%<br>घरबहालमा सहुलियत : १८.७०%<br>सरकारद्धारा नगद अनुदान सहयोग : १६.१०%<br>सहुलियतपुर्ण कर्जा सुविधा : १३.५१% |

**तत्कालीन बाध्यता टार्ने राणनीतिका रुपमा व्यवसाय बन्द गरि चालु खर्च कम गर्नु परेको छ ।** ५५ प्रतिशत व्यवसायीहरु तत्कालीन बाध्यता टार्ने राणनीतिका रुपमा व्यवसाय बन्द गर्नु परेको बताउछन् । २० प्रतिशत व्यवसायले तत्कालको कार्य सञ्चालन खर्च कटौती गरेर कोभिड १९ को असरसँग जुधेको बताएका छन भने १३ प्रतिशतले कामदार कटौती गर्नु परेको बताएका छन् ।

औसतमा लक डाउनको अवधिमा व्यवसाय बचाउनका लागि रु ११२,००० आवश्यक पर्ने बताएका छन् । कोभिड १९ का नाममा सरकारबाट राहत, सहयोग प्राप्त गरेकाको प्रतिशत १६ छ । लकडाउनका

अवधिमा व्यवसाय बचाउन रु ११२,५२९ आवश्यक रहेको र लकडाउनभन्दा अगाडीको अवस्थामा व्यवसाय पुऱ्याउन रु ३१६,४१८ आवश्यक रहेको सर्वेक्षणले देखाएको छ ।

## नीजि क्षेत्रका मुख्य चुनौती र अवसरहरु

### चुनौतीहरु

- **बिक्रि व्यापारमा निर्भरता**
  यस क्षेत्रको औद्योगीकरणको सम्भावनालाई लगानी, विशेषज्ञता र पूर्वाधारको अभावले बाधा पुऱ्याइरहेको छ । बहुसंख्यक फर्महरू र व्यवसायहरू सामानको खुद्रा बिक्रीमा संलग्न छन तर यस उपमहानगरमा दीर्घकालीन आर्थिक बृद्धि गर्न केवल बिक्रि, व्यापार मात्र पर्याप्त छैन । साना तथा मझौला उद्योग व्यवसायसँगको सर्वेक्षण अनुसार ७० प्रतिशत भन्दा बढी व्यवसाय थोक, खुद्रा व्यापार र व्यापार गतिविधिहरूमा संलग्न छन । यसबाहेक, स्थानीय उत्पादनयोग्य वस्तुहरूको पहिचान गर्नु र उनीहरूको उत्पादन र निर्यातमा ध्यान केन्द्रित गर्नु स्थानीय अर्थव्यवस्थाको सुदृढीकरणको लागि आवश्यक कदम हो । तरउत्पादनमुलक उद्योगको कम उपस्थितिले यस्तो संभावनालाई कमजोर बनाइरहेको छ ।
- **स्थानीय उत्पादनहरू आयातिसँग प्रतिस्पर्धा गर्न असक्षम**
  राम्रो गुणस्तरको बावजुद स्थानीय उत्पादनहरु अन्य नगर, जिल्ला र भारतबाट आउने सस्तो उत्पादनहरुसंग प्रतिस्पर्धा गर्न सकिरहेका छैनन् । स्थानीय व्यवसायले सरकारबाट अनुदान वा सहुलियत प्राप्त नगरेका कारण लागत महंगो पर्ने र भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्न असक्षम भइरहेका छन किनकि भारतमा सरकारले त्यस्ता उत्पादनलाई अनुदान र सहयोग प्रदान गरि लागत घटाउन भुमिका खेलिरहेको छ ।
- **कार्य पूंजी व्यवस्थापन**
  आम्दानीमा आएको ठुलो गिरावटले अधिकांश व्यवसायहरू विशेष गरी साना व्यवसायहरूलाई चालु पूंजी व्यवस्थापन गर्न गाह्रो भइरहेको छ । यस बाहेक, प्रायः स्थानीय व्यापार थोक तथा खुद्रा व्यापारीक गतिविधिमा संलग्न छ र उधारोको अवधि बढ्दै जाँदा धेरै साना व्यवसायहरू कारोबारका लागि आवश्यक नगद र पूंजी व्यवस्थापन गर्न असक्षम भइरहेका छन् । व्यवसायहरूलाई भाँडा खर्च, बैंक ब्याज र कर्जा भुक्तानी गर्न तथा इनभेन्टरी व्यवस्थापन गर्न गाह्रो भइरहेको छ ।
  स्थानीय व्यवसायहरूसँगको सर्वेक्षण अनुसार उनीहरूमध्ये धेरैजसो संघीय सरकारले घोषणा गरेका फाइदाहरूको बारेमा सचेत छैनन ।  स्थानीय स्तरमा त्यस्तो सहुलियतमा कसरी पहुँच पुऱ्याउने भन्ने थाहा छैन । व्यवसायीका अनुसार बैंकहरूले रु १० लाखसम्म कम्तीमा ५ प्रतिशत ब्याज दरमा कर्जा उपलब्ध गराउने प्रस्ताव गरिरहेता पनि साना व्यवसायमा खास गरी महिलाले सञ्चालन गर्ने व्यवसायसँग धितो राख्ने आधार छैन । केन्द्रीय बैंकले प्रस्ताव गरेको कम ब्याज दरमा पुर्नकर्जा सुविधा पनि प्रभावकारी भइरहेको छैन किनकि व्यवसायले त्यस्तो कर्जा विद्यमान जमानतको मूल्यांकनका आधारमा मात्र गर्न सक्दछन् ।

### अवसरहरु

- **घोराही जिल्लाको एक प्रमुख व्यापारिक केन्द्र हो**
  यस क्षेत्रका जिल्लाहरुमा जाने सडकसँग जोडिएको कारण घोराही एउटा प्रमुख व्यापारिक नाका हो । अतः यहा स्थानीय उत्पादन, कच्चा पदार्थहरुको उत्पादन र बिक्रिको ठुलो संभावना छ ।

निजी क्षेत्र, स्थानीय र प्रदेश सरकारको समन्वयमा दाङ जिल्लामा ५०० बिघामा औद्योगिक क्षेत्र निर्माणको योजना छ भने घोराहीमा बहुउद्देश्यीय प्रदर्शनी हलको निर्माण पनि अन्तिम चरणमा पुगेको छ ।

- **आयात प्रतिस्थापनको सम्भाव्यता**
  घोराही उपमहानगरमा प्राकृतिक कच्चा पदार्थ, उर्वर भूमि, परम्परागत र सांस्कृतिक सीप र पर्यटकीय आकर्षणलाई ध्यानमा राख्दै औद्योगिक क्षेत्रहरू विकास हुने सम्भावना प्रवल देखिन्छ । बन्दाबन्दिका क्रममा घोराही र दाङ जिल्लाले यस जिल्ला दुग्धजन्य उत्पादन र हरियो तरकारीमा आत्मनिर्भर रहेको प्रमाणित गरेको छ । बढि संभावना भएका केहि स्थानीय उत्पादनहरूमा मह, कुखुरा, तरकारी, फलफूल र वनमा आधारित उत्पादनहरु हुन ।
- कृषि क्षेत्रको आधुनिकीकरण र व्यावसायीकरण गर्न सके यसले यहाको उत्पादनको लागत घटाई बढी प्रतिस्पर्धी बनाउनुका साथै उत्पादन बृद्धि र यसको बजारिकरणले हरेक घरधुरी र उपमहानगरको समग्र अर्थतन्त्रलाई उकास्दछ ।

---

[i] https://thehimalayantimes.com/nepal/ghorahi-locals-warn-of-agitation-against-cement-factory-pollution/
[ii] https://www.baahrakhari.com/news-details/206945/0000-00-00
[iii] https://www.setopati.com/kinmel/business/188589
[iv] https://www.baahrakhari.com/news-details/206945/0000-00-00
[v] https://www.dangkhabar.com/archives/51080